# भविष्यवाणीका जगहरू



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *यशैया ६:६-८; उत्पत्ति ३:२१-२४; इजकिएल १:४-१४; प्रकाश ४:१-११; गन्ती २:३-२५; यशैया १४:१२-१४।*

**याद गर्नुपर्ने पद: "मैले परमप्रभुको स्वर सुनें। उहाँले भन्दैहुनुहुन्थ्योः 'म कसलाई पठाउँ, हाम्रो निम्ति को जानेछ?' तब मैले भनें, 'म यहाँ छु! मलाई पठाउनुहोस्'"** *(यशैया ६:८)*।

सारा सृष्टिका सृष्टिकर्ता हुनुभएको अधिकारमा आधारित यस जगत्मा परमेश्वरको शासन गर्ने अधिकार छ *(प्रकाश ४:११)*। यस जगत्मा शासन गर्ने उहाँको चरित्र वा स्वभाव नै हो। परमेश्वरको धार्मिक चरित्र र स्वभावले गर्दा नै पापी मानव प्राणी उहाँको महिमारहित हुन कसरी पतन भयो भनेर हामी बुझ्न सक्छौं *(रोमी ३:२३)*।

यस अध्यायमा परमेश्वरको सिंहासनको बैठक देखाइएको दिव्यदर्शनको बारेमा बढी जानकारी लिनेछौं। पवित्र परमेश्वरसँग मानव जातिको सम्बन्ध कसरी हुन्छ र येशू ख्रीष्टको बलिले परमेश्वरसँग टुटिएको सम्बन्ध कसरी पुनर्स्थापना भयो भनेर हामीले हेर्नेछौं। त्यो सम्बन्ध कुनै विशेष मानिससँग मात्र नभई पूरै मानव जातिसँग पुनर्स्थापना हुने प्रावधान बनाइएको थियो। येशूकै पुण्य कामले

हामीलाई परमेश्वरको सिंहासनको नजिक आउन सक्ने भएका छौं। पतित अवस्थामा गिरिरहेको हामी मानव जातिलाई उहाँको स्वरूपमा प्रतिस्थापित गर्ने उहाँको योजना हो। उहाँले कुनै विशेष मानवलाई मात्र होइन, सारा जातिलाई नै उहाँको स्वरूपमा उचाल्न उहाँ चाहनुहुन्छ। सारा सृष्टिको सामु उहाँको महिमा फेरि प्रकट गर्ने अवसर उहाँले हामीलाई दिन चाहनुहुन्छ। बाइबलभरि खोजीनीति गर्दा हामीप्रति परमेश्वरको उच्च बोलावटलाई हामी बुझ्दै त्यस बोलावटप्रति हामी सराहना गर्न सक्नेछौं। हामी क्षमा पाइएका र मुक्ति पाइएका मानव प्राणी उहाँको नजिक हुन उहाँ अघि सर्नुभएको चाल कम प्रशंसनीय छैन।

मानव विद्रोह आखिरमा सदाको निम्ति अन्त्य हुनेछ। अझ त्योभन्दा बेसी त परमेश्वरको प्रेमिलो स्वभाव, उहाँको स्वार्थत्याग र मानव कल्याणको निम्ति बलि हुने उहाँको चरित्र सुरुको भन्दा बढी चहकिलो भएर चम्किनेछ। मानव प्राणी पतन होस् भन्ने परमेश्वरको नियत कहिले पनि थिएन। क्रूसको माध्यमद्वारा परमेश्वरको प्रेमिलो चरित्रलाई अचम्म तरिकाले सारा जगत्को सामु प्रदर्शन गरिएको थियो।

# यहाँ म छु, मलाई पठाउनुहोस्

धेरै वर्ष अघिको घटना हो यो। एउटा चर्च भवन पुरानो भएकोले र नयाँ खाना खाने कोठा बनाउनुपरेकोले त्यसको भुइँभन्दा तलको तलालाई भत्काएर नयाँ बनाउन थालिएको थियो। तिनीहरूले पहिले त नयाँ बत्तीहरू जडान गरे। त्यो कोठा बढी सुन्दर देखिनेछ भनेर तिनीहरूले त्यसो गरेका थिए। जब ती बत्तीहरू जडान गरे तब त्यो अझ नराम्रो पो देखिन थाल्यो, किनभने बत्तीले त्यस कोठाको नराम्रो भागहरूलाई देखाएको थियो।

जब यशैयाले परमेश्वरको सिंहासनको बैठक देखे तब उनी स्तब्ध भएका थिए। आफ्नो कमीकमजोरी र आफूमा भएका खराब तत्त्व वा अवगुणहरूको भन्डाफोर त्यस दिव्यदर्शनले गरेको थियो। "धिक्कासर होस् मलाई!" उसले विलाप गरे। "म त खतम भएँ। म त अशुद्ध वा फोहर ओठहरू भएको मानिस पो रहेछु। अशुद्ध र फोहरी कुरा गर्ने मानिसहरूको बीचमा म रहेको छु। मेरै आँखाहरूले महाराजधिराज र सारा जगत्‌का प्रभुलाई देखेको छु" *(यशैया ६:५)*। यदि हामी पनि अचानक प्रभुको सामुन्ने देखा पर्‍यौं भने हामीले पनि त्यही अनुभव गर्नेछौं। हामीले गर्ने सबै बहानाहरू परमेश्वरको ज्योतिले हटाउन सक्षम छ। परमेश्वरको उपस्थितिमा हामी खतम भएका महसुस गर्नेछौं। यशैयाको जीवनमा त्यो उनको निम्ति अचम्मको अनुभव थियो।

**पढ्नुहोस्: यशैया ६:६-८ पढ्नुहोस्। "अब म खतम भएँ" भनेर यशैयाले चिच्याउँदा उनलाई थाहा थियो पापको अर्थ के हो। पापको ज्याला मृत्यु हो। तर हामीलाई पापको नतिजाको खाल्डोमा परमेश्वरले छोड्नुभएन वा छोड्न चाहनुभएन। उहाँले हामीलाई प्रेम गरेर उहाँतिर तान्नुभएको थियो। जब यशैयाले परमेश्वरसँग जम्का भेट भयो, त्यसको नतिजा के भयो र त्यो हाम्रै निम्ति पनि किन महत्त्वपूर्ण छ?**

जब सराफ स्वर्गदूतले वेदीको आगोबाट भुङ्ग्रो लिएर यशैयाको मुख छोए तब उनको पाप बिलाएर गएको थियो। यो धुपवेदी हुन सक्छ जहाँ परमेश्वरका जनहरूले बिन्ती चढाउँछन् *(प्रकाश ८:३, ४)*। उनका पापहरू क्षमा भएको थियो। अब परमेश्वरको उपस्थितिमा उभिन उनी योग्य भएका थिए। तर त्योभन्दा बेसी त सारा संसारमा परमेश्वरको प्रतिनिधि हुन उनलाई खटाइएको थियो।

सराफको अर्थ जलिरहेको जीव भनेर अर्थ लाग्छ। बप्तिस्मा दिने यूहन्नाको बारेमा येशूले गर्नुभएको तारिफ यूहन्ना ५:३५मा यसरी लेखिएको छ, "यूहन्ना बल्दो र चम्किलो बत्ती थिए, र तिमीहरू उनको प्रकाशमा थोरै समय आनन्द मनाउन राजी भयौ।" हुन त, यूहन्ना आफै पनि पापी थिए र उनलाई परमेश्वरको अनुग्रह र मुक्तिको आवश्यक थियो। तर उनको सेवाकार्यले येशूलाई औँल्याएका थिए, जसले अनुग्रह र मुक्ति ल्याउन सक्ने एक मात्र हुनुहुन्थ्यो।

परमेश्वर पिताको महिमाको सिद्ध र परिपक्व प्रतिनिधि भएर येशू आउनुभएको थियो। तर परमेश्वरले पापी अगमवक्तालाई पनि स्वर्गको सराफ स्वर्गदूतको जस्तै काम गर्न पठाउनुभएको थियो।

**आफ्नो पाप धोएको थाहा पाएपछि मात्रै यशैयाले भने, म यहाँ छु, मलाई पठाउनुहोस्। येशूको रगतले हाम्रो पाप धोएपछि यशैयाले जस्तो हामी प्रत्येकले जवाफ कसरी दिन सक्ने हुन्छौं?**

# दुई करूब स्वर्गदूतहरू

आदम र हव्वालाई अदनको बगैँचाबाट निकाल्ने वित्तिक्कै परमेश्वरले तिनीहरूलाई मसीहको आशा दिनुभएको थियो *(उत्पति ३:१५)*। अनि अदनको बगैँचाको ढोकामा प्रभावकारी प्रतिकको स्थापना गर्नुभएको थियो: त्यो थियो दुई करूब स्वर्गदूतहरूको बीचमा चम्किलो ज्योति। करारको सन्दुकमाथि दुई करूबहरू निहुरिएका दृश्य हामीले बिर्सनुहुन्न। यो परमेश्वरको सिंहासनको प्रतिक थियो *(प्रस्थान २५:१८)*।

पढ्नुहोस्: **उत्पत्ति ३:२१-२४ पढ्नुहोस्। ती करूब स्वर्गदूतहरूका काम के थियो र किन?**

________________________________________

________________________________________

________________________________________

पापीहरू जीवनको रूखको नजिक नजाओस् भनेर रोक्ने जिम्मा करूबहरूलाई दिइएको थियो *(उत्पत्ति ३:२२)*। तर तिनीहरू आशा र प्रतिज्ञाका प्रतिकहरू पनि थिए। एक दिन मानव प्राणीलाई अदनको बगैँचामा रहन पुनर्स्थापित गरिनेछ भनेर तिनीहरूले प्रकट गरेका थिए। "अदनको रमाइलो र रमणीय बगैँचाबाट आदम र हव्वालाई निकालेपछि पनि त्यो बगैँचा यस पृथ्वीमा लामो समयसम्म थियो। पतित मानिसहरूले गुमाएको रमाइलो घर हेर्न अवसर दिएको थियो। तर त्यहाँभित्र जान मनाही गर्न स्वर्गदूहरूले चनाखो भई हेरिरहेका थिए। जब करूबहरूले त्यस स्वर्गीय स्थानको सुरक्षा गरेका थिए, तब परमेश्वरको महिमा र तेज त्यहाँ प्रकट भइरहेको थियो। त्यहाँनिर नै आदम र उनका छोराहरू परमेश्वरको आराधना गर्न आउँदथे। तिनीहरूले परमेश्वरको व्यवस्था उल्लङ्घन गर्दा अदन घर गुमाएकोले त्यो व्यवस्थाप्रति आज्ञाकारी हुन तिनीहरूले आफ्नो शपथलाई पुनः नविकरण गर्दथे। ... अन्तमा नयाँ स्वर्ग र नयाँ पृथ्वी स्थापना हुने समयमा (प्रकाश २१:१)

त्यो बगैँचा पहिलाको भन्दा बढी गौरवशाली भएर सुन्दरताले सुसज्जित भएर पुनर्स्थापित गरिनेछ।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. ६२।

उत्पत्ति ३:२४मा उल्लेख गराएका शब्दहरू पनि रोचकपूर्ण छन्। करूबलाई अदनको पूर्वपत्ति परमेश्वरले राख्नुभएको थियो भनेर बाइबलले बताउँछ। हिब्रूको प्रारम्भिक भाषामा त्यो शब्द *शेकान shakan* हो जसबाट पवित्र वासस्थान भन्ने हिब्रू भाषाको शब्द आउँछ *(प्रस्थान २५:९; गन्ती ३:२६)*। आफ्ना जनहरूका बीचमा परमेश्वरको उपस्थिति हुन्थ्यो भनेर त्यस शब्दले बताउँछ। सर्वसाधारणले प्रयोग गर्ने *शेकैनाह shekinah* वा परमेश्वरको उपस्थिति भन्ने शब्द बाइबलमा देखा पर्दैन। पवित्र स्थान भनेर अनुवाद गरिएको आधारमा त्यो शब्द कोरिएको हो।

शेकान भन्ने शब्दको अक्षरस अनुवादमा, "अदनको बगैँचाको पूर्वमा परमेश्वर करूबहरू *वास गर्न* लगाउनुभएको थियो।"

बाइबलमा करूबहरू परमेश्वरको उपस्थितिसँग जोडिएका छन् *(१ इतिहास १३:६; भजनसंग्रह ८०:१ र यशैया ३७:१६)*। विशेष गरेर उहाँको सिंहासनसँग त्यो करूब रहेको देखाउँछ। त्यहाँबाट उहाँको नाउँको घोषणा गरिन्छ। प्रकाश ४ र ५ अध्यायमा २४ एल्डर वा अगुवाहरू परमेश्वरको सिंहासन वरिपरि रहेर उहाँको प्रशंसा गर्दै उहाँ सृष्टिकर्ता हुनुभएकोले उहाँको शासन गर्ने अधिकार छ भनेर तिनीहरूले घोषणा गर्ने कामलाई हामीले बिर्सनुहुन्न *(प्रकाश ४:११)*। यसले परमेश्वरको सिंहासन कक्ष र क्षमा पाएका पापीको सम्बन्ध हाम्रो सृष्टिकर्तासँग कस्तो हुनेरहेछ भनेर देखाउँछ।

# आगोले जलिरहेको कोइला जस्तै

बाइबलमा करूब स्वर्गदूत जीवित जीवहरू भनेर सम्बोधन गरिएको छ *(इजकिएल १०:८)*। तिनीहरू सुनको प्रतिकको रूपमा पनि देखिन्छन् *(प्रस्थान २५:१८)*। पुरानो करारभरि तिनीहरू जताततै देखा परेका छन्। तिनीहरू परमेश्वरको सिंहासन अघि उभिरहने स्वर्गदूतहरू भनेर चित्रण गरिएको छ। तिनीहरूले जगत्मा परमेश्वरको महिमा, तेज वा प्रताप फैलाइरहन्छन्। पवित्र मन्दिरको महा पवित्रस्थानको पर्दामा पनि तिनीहरूका चित्रहरू बुनिएका हुन्थे *(प्रस्थान २६:१)*। सृष्टिमाथि भएको परमेश्वरको सर्वोच्च शक्ति भजनसंग्रहको पुस्तकले कविताको शैलीमा चित्रण गर्दछ। उहाँ करूबद्वारा आकाशमा घुम्नुहुन्छ भनेर त्यस चित्रणमा कोरिएको छ *(भजनसंग्रह १८:१०)*। पवित्र वासस्थानको महा-पवित्रस्थानमा राखिने करारको सन्दुकमा तेजावी सुनका दुई करूबहरू पखेटाहरूसहित बनाउन परमेश्वरले मोशालाई आदेश दिनुभएको थियो। तिनीहरूका पखेटाहरू एक आपसमा फैलिएको हुन्थ्यो *(प्रस्थान २५:१८-२०)*।

पढ्नुहोस्: **इजकिएल १:४-१४ पढ्नुहोस्। यशैया ६:१-६ र प्रकाश ४:१-११मा देखाइएका दृश्यहरूसँग इजकिएलले गरेको चित्रण कसरी मिल्दछ?**

परमेश्वरको शक्तिलाई अत्यन्तै प्रभावकारी तरिकाले इजकिएलले प्रस्तुत गरेका छन्। सुरुमा त्यहाँ भएका दृश्यहरू हामीलाई अलमलमा पार्न सक्छन्। परमेश्वरका जनहरू दुःखद र कष्टकर परिस्थितिमा थिए। तिनीहरू इस्राएलमा होइन, बेबिलोनमा युद्धबन्दीका जीवन बिताइरहेका थिए। आफूलाई देखाएको दृश्यलाई मनन गरिरहँदा इजकिएलले आफ्ना आँखाहरू माथितिर उठाउँछन् र उनले परमेश्वरको सिंहासन सबैभन्दा माथि देख्छन्।

अरू “सिंहासन”-का दिव्यदर्शनहरूमा भएका महत्त्वपूर्ण समानता हेर्नुहोस्। इजकिएल र यूहन्नाले दिव्यदर्शनमा देखेका जीवित जीवहरूमा त्यही खालका अनुहारहरू थिए: सिंह, चील, गोरु र मानिस।

इजकिएलले सुरुमा देखेका चार वटा अनुहारहरू भएका सहस्यमय जीवहरूको बारेमा व्याख्या गरेका थिएनन्; पछि सिंहासनको कक्षमा देखा परेका *(इजकिएल १०:१-२१)* ती जीवहरूलाई करूब भनेर सम्बोधन गरिएको थियो। सराफ स्वर्गदूतहरूले आगोको भुङ्ग्रो बोकेका यशैयाले पनि देखेका थिए। यूहन्नाका दिव्यदर्शनमा देखेका जीवहरूका अनुहारहरू पनि त्यही खालका थिए।

जब परमेश्वरको सिंहासनमा जहाँ देखिन्छ, मोशाले राखेका करारको सन्दुक होस् *(प्रस्थान २५:२२)* वा अगमवक्ताहरूले देखेका चकित पार्ने दिव्यदर्शनहरूमा होस्, करूबहरू जहिले पनि थिए। परमेश्वरका सबै जीवहरूले उहाँको महिमालाई प्रतिबिम्ब गर्न सृष्टि गरिएका थिए। परमेश्वरको स्वरूपमा सृष्टि गरिएका मानव प्राणी होस् वा स्वर्गदूतहरू होस्, उहाँको तेजस्वी र महिमामय सिंहासनको शोभा दिन सृजिएका थिए।

***सर्वशक्तिमान् परमेश्वर पवित्र, पवित्र, पवित्र हुनुहुन्छ।*** **इजकिएलको दिव्यदर्शनमा देखेका पवित्रता हाम्रोभन्दा कतिको विपरित छ? यसले हामीलाई सुसमाचारको आवश्यकतालाई कसरी देखाउँछ?**

# उहाँका जनहरूका बीचमा परमेश्वर

प्रतिज्ञा गरिएको देशमा जान इस्राएलीहरू मरुभूमिमा यात्रा गरिरहँदा तिनीहरूलाई परमेश्वरले बादलबाट अगुवाइ गर्नुहुन्थ्यो। तिनीहरू बेला-बेलामा रोकिन्थे र पवित्र पाल टाँग्थे। त्यस पालको वरिपरि तीन-तीन कुल मिलेर आ-आफ्ना पालहरू टाँग्थे। महा-पवित्रस्थानमा परमेश्वरको उपस्थिति हुन्थ्यो र आफ्ना जनहरूका माझमा उहाँको उपस्थिति हुन्थ्यो।

पढ्नुहोस्: **पवित्र स्थानको चारै दिशामा चार मुख्य कुलहरू थिए। गन्ती २ अनुसार ती मुख्य कुलहरू कुन-कुन थिए?**

*गन्ती २:३ (पूर्वतिर):* ____________________________________

*गन्ती २:१० (दक्षिण):* ____________________________________

*गन्ती २:१८ (पश्चिम):* ____________________________________

*गन्ती २:२५ (उत्तर):* ____________________________________

प्रत्येक प्रमुख कुलको आफ्नै विशेष झण्डा वा मानक वा चिनारी थियो। प्रत्येक कुल को हुन् भनेर त्यस झण्डाले देखाउँथ्यो। झण्डामा के थियो भनेर बाइबलले बताउँदैन। उत्पत्ति ४९ र व्यवस्था ३३मा उल्लेख गरिएको आधारमा ती अनुवारहरू चार दिशामा बसेका कुलहरूलाई औँल्याएको परम्परा। "यहूदी धर्मगुरु रब्बीको परम्परा अनुसार यहूदाको मानकमा सिंहको चित्र हुन्थ्यो, रुबनको मानकमा मानिस वा मानिसको शिरको चित्र हुन्थ्यो, एफ्रेमको मानकमा गोरुको चित्र हुन्थ्यो र दानको मानकमा चिलको चित्र हुन्थ्यो। इजकिएलको दिव्यदर्शनमा देखिएका चार जीवित जीव करूबको आकारमा भएकोले ती चार मानकहरूलाई प्रतिनिधित्व गरेका थिए।"—कार्ल फ्रेडरिक किल र फ्रान्श डिलिट्ज, *कमेन्टरी अन ओल्ड टेस्टमामेन्ट*, (पिबडी, मासाचुसेट, हेन्ड्रिकसन, २०११), ठेली १, पृ. ६६०।

परम्पराको बारेमा धेरै गहिरिएर पढ्न सकिन्छ। तर ती पौराणिक परम्पराले बाइबलले वर्णन गरेको नयाँ यरूशलेमसँग तुलना गर्न सकिने रोचक नै मान्नुपर्छ। सहरका चार दिशाहरूमा तीन-तीन कुललाई प्रतिनिधि गर्ने ढाँचा देखाएको घट्लाग्दो नै छ *(प्रकाश २१:१२, १३)*।

इस्राएलको शिविर र नयाँ यरूशलेममा वर्णन गरिएका बयानले एक निर्णायक सत्य वा तथ्यलाई औँलाउँछ: मानवतालाई आफ्नो सिंहासनको नजिक ल्याउन परमेश्वरको इच्छा वा नियत थियो। प्रकाशको पुस्तकले हामीलाई यो सिकाउँछ कि "मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकि त्यहाँको मन्दिर स्वयम् परमेश्वर सर्वशक्तिमान् र थुमा नै हुनुहुन्छ" *(प्रकाश २१:२२)*।

**निश्चय नै अहिले हामी इस्राएलको शिविरमा छैनौं। तर हाम्रै जीवनबाट हामी परमेश्वरको उपस्थितिको सामु कसरी नजिक रहन सक्छौं? त्यसको निम्ति के उपायहरू छन्।**

# लुसिफरको पतन

लुसिफर परमेश्वरको सिंहासन ढाक्ने करूब स्वर्गदूत थियो। सबै स्वर्गदूतहरूभन्दा उसको स्थान उच्च र प्रतिष्ठित थियो। परमेश्वरको सिंहासननिर नै बस्न उसको ठाउँ सुरक्षित थियो। उसको स्थान त्यस्तो गरिमामय थियो भन्ने हामीलाई बुझ्न कठिन छ। उसको अस्तित्वले नै सारा जगत्मा परमेश्वरको महिमा र इज्जत थाम्न सहयोग भएको थियो। तर लुसिफरले आफ्नै भाउ खोज्न थाल्यो। उसले आफ्नै गौरवको विषुमा सोच्न थाल्यो र अझ बढी सम्मान खोज्न थाल्यो। परमेश्वरको महिमा उसमा भएको होस् भनेर उसले खोजेको त होइन तर *उसले* पाउनुपर्ने सम्मान अझ उसले पाएन भनेर निहुँ खोज्न थाल्यो।

पढ्नुहोस्: **इजकिएल २८:११-१७ र यशैया १४:१२-१४ पढ्नुहोस्। केले गर्दा लुसिफरको पतन भयो? यी अंशहरूसँग प्रकाश १४:१-१२ तुलना गर्नुहोस्। येशूको मानवताको उच्च स्थान र लुसिफरको पतनमा के भिन्नता छ जसले गर्दा प्रकाश १४मा के भयो सो हामीले बुझ्न सक्छौं?**

लुसिफरलाई पवित्र पहाडबाट हटाइएको सोच्नुहोस् तब मुक्ति पाउनेहरू परमेश्वरको थुमाको सियोन पहाडमा उभिन्छन्। लुसिफर अदनको बगैँचामा थियो। मानव जात पनि एक समय त्यहाँ थियो। तर शैतानको भविष्यको विपरित मानव जाति येशू ख्रीष्टद्वारा अदन वा स्वर्गमा पुनर्स्थापित हुनेछ *(प्रकाश २२:१-३)*।

यस परिप्रेक्ष्यमा एलेन जी. ह्वाइटको यो कठन धेरै शिक्षाप्रद छ: "परमेश्वरको जित हुनेछ। शैतान र उसका स्वर्गदूतहरूको पतनले रिक्त पारेको ठाउँहरू प्रभुका मुक्ति पाएकाहरूले भर्नेछ।"—*द एडभेन्ट रिभ्यु एण्ड शबाथ हेराल्ड*, मे २९, १९००।

केवल सुसमाचारको कारणले मात्रै ती मुक्ति पाएकाहरू प्रभुसँग रहनेछन्। सुसमाचार वा मुक्तिको विषयवस्तुलाई ग्राफिक तरिकाले प्रकाश ४ र ५मा चित्रण

गरिएको छ जहाँ परमेश्वरको सिंहासन छ। स्वर्गदूतहरूले उच्च स्वरले कराउँदछन्: "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो" *(प्रकाश ५:९)*। सुसमाचारको यो चित्रण कस्तो महान् छ, मानव प्राणीको मुक्तिको निम्ति येशूको मृत्यु भएको थियो!

पहिलो स्वर्गदूतको भाषालाई माथिका शब्दहरूले प्रतिबिम्बित गरेको सोच्नुहोस्। पहिलो स्वर्गदूतको सन्देशमा, "पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो" *(प्रकाश १४:६)*। संसारको निम्ति येशूले गर्नुभएको कामलाई कस्तो प्रभावकारी रूपमा चित्रण गरेको रहेछ। यस संसारमा कोही पनि मानव प्राणी छैन जसको निम्ति येशू मर्नुभएको थिएन। येशूका बारेमा थाहा पाउन र उहाँलाई ग्रहण गर्ने कि नगर्ने भन्ने निर्णय दिलाउन प्रत्येक इसाई हुँ भनेर दाबी गर्नेको काम र कर्तव्य हो।

**येशूले के गर्नुभयो भनेर मानिसहरूलाई थाहा दिन हामी चर्च वा व्यक्तिगत येशूभक्तको भूमिका के छ?**

**थप जानकारी: एलेन जी. ह्वाइटले लेख्नुभएको द *ग्रेट कन्त्रोभर्सी* पुस्तकका पृ. ६६९-६७१, ६७६-६७८को "द कन्त्रोभर्सी एन्डेड" भन्ने अध्याय पढ्नुहोस्।**

शैतान एक समयमा अभिभावक करूब थियो। तर उसले परमेश्वरको सिंहासनलाई नै ध्वस्त गर्न खोज्यो। परमेश्वरले पतित स्वर्गदूतहरूको विद्रोहलाई कायम राख्न दिनुभयो। आफ्नो भाउ खोज्ने र आफूलाई उच्च बनाउने दुष्ट भावना र परमेश्वरको विद्रोह गरेर सारा मानव प्राणीलाई धोका दिने शैतानको कदमको नतिजा के हुनेरहेछ वा के भइरहेको छ सो सारा जगत्का सामु प्रस्तुत गर्नुपरेको थियो। एक फेरा पतित स्वर्गदूतहरू भएको ठाउँमा मानव प्राणीलाई राख्न येशूले क्रूसमा शैतानलाई बिलकुल हराउनुभएको थियो। अब येशू ख्रीष्टमा पापीहरूले नै लुसिफरले गरेका दाबीहरू झुट हुन् भनेर सार्वजनिक रूपमै घोषणा गर्नेछन्। लुसिफरको पतन हुनुभन्दा अघि भएको परमेश्वरका प्रेम र हित अझ खुला र ठूलो रूपमा अन्तिम दृश्य वा युगको अन्तमा प्रकट गरिनेछ। पाप, अधर्म र खराब यस संसारमा होस् भन्ने चाहना परमेश्वरको कहिले पनि थिएन। अरू कुनै तरिकाबाट प्रकट नगरिएको परमेश्वरको प्रेम र जीवहरूका हितका निम्ति उहाँको भलाइ युगको अन्तमा प्रकट हुनेछ। पाप, दुष्ट, शैतान र उसका मतियारहरूको दुःखदपूर्ण सदाको निम्ति अन्त हुनेछ।

"मुक्ति पाएकाहरूका अनुहारमा येशूले आफ्नै स्वरूप देख्नुहुन्छ। येशूका प्रत्येक भक्तको हृदयमा परमेश्वरको आफ्नै स्वरूपको सिद्ध छाप लगाएको हुन्छ। मुक्ति पाएकाहरूको प्रत्येक अनुहारमा तिनीहरूका राजाका स्वरूप प्रतिबिम्बित गरिएको हुन्छ। आफ्नो प्राणले पीडा भोगेको याद गरेर त्यसको नतिजालाई उहाँले हेर्नुहुन्छ र उहाँ सन्तुष्ट हुनुहुन्छ। जम्मा भएका सारा धर्मी र दुष्टहरूको बिचमा यो आवाज घन्किनेछ, 'लौ हेर मेरा रगतले किनेका भक्तहरू! तिनीहरूकै निम्ति मैले पीडा भोगेको थिएँ। तिनीहरूकै निम्ति म मरेको थिएँ। अनन्त युगसम्म तिनीहरू मेरो उपस्थितमा रहोस् भनेर नै त्यो कष्ट भोगेको हुँ।' अनि सिंहासन वरिपरि रहेका मुक्तिजनहरू सेतो वस्त्र लगाउँदै यो घोषणा गर्नेछन्: 'मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति, सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।' प्रकाश ५:१२।"—एलेन जी. ह्वाइट, द *ग्रेट कन्त्रोभर्सी*, पृ. ६७१।

## छलफलको लागि प्रश्नहरू:

१. हामी परमेश्वरको अगाडि हाम्रो प्रत्येक त्रुटि, गलत काम, दोष, अपराध, दोषी चरित्र, गलत सोचविचार र प्रत्येक नियतको पर्दाफास गर्दै हामी उभेको सोच्नुहोस्। यथार्थमा ती अवगुणहरूलाई सजाउँदै के परमेश्वरको अगाडि उभिन हाम्रो अधिकार छ त वा योग्य छ त? हाम्रो केवल आशा के हो? हामी "येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ" *(रोमी ३:२२)*। अहिले नै र न्यायको समयमा येशूका धार्मिकताले छोपिनु कतिको महत्त्व छ? अझ भन्ने हो भने हामीलाई सुसमाचारको आवश्यकता किन छ?

२. बप्तिस्मा दिने यूहन्ना बल्दो बत्ती थियो *(यूहन्ना ५:३५)*। उनी येशूको सन्देश दिने अग्रज थिए। मसीहको पहिलो आगमनको खबर दिने उनी नै थिए। त्यही भविष्यवक्ताको भूमिका युगको अन्तमा रहेका येशूभक्तहरूले कसरी खेल्न सक्छन्?

## भाग ३: आत्महत्या गर्ने प्रयास

*लेखक:* आन्ड्र्यु मेकचेस्नी

तिन महिला तिनीहरूका धार्मिक किताब पढ्न कर गर्न बारम्बार आइरहेकोमा डायनाका श्रीमान्लाई रिस उठ्यो। तिनीहरूको विवाहको दिनमा उनले डायनालाई भनेका थिए, "मलाई चर्चमा जान कहिले पनि कर नगर्नू।" अब ती तिन महिलाहरूको उपस्थितिप्रति उनले विरोध जनाएर तिनीहरूले दिएका किताबहरू उनले फ्याँकिदिए।

ती तिन महिलाले चर्चमा हुने बेलुकीको सङ्गतिमा आउन अनुरोध गरे। तर आफ्नो जीवन चलाउन डायनाले पिज्जा बेच्ने पसलमा बेलुका काम गर्थिन्। अनि एक जना महिलाले उनले दिउँसो काम गर्नुपर्छ ताकि बेलुका सङ्गतिमा आउन सकून् भनेर उनलाई पत्रिकामा काम लिन कर गरिन्।

जब डायनाले तिनीहरूका किताब पढिन् तब येशूचाहिँ सृष्टि भएको जीव हुनुहुन्छ र अनन्तको हुनुहुन्न भनेर पढिन्। आफू सानी भएको बेलामा येशूको बारेमा बाइबलबाट सिकेका कुरासँग त्यो धारणा तालमेल नभएको उनले थाहा पाइन्।

अनि डायना र उनको श्रीमान् अलग भए। उनी न्यु मेक्सिकोको सान्ट फेमा सरिन्। उनका एक वर्षको, तीन वर्षको र पाँच वर्षको छोराहरू थिए। तिनीहरूलाई स्याहार गर्न र बिल तिर्न उनले दिनभरि काम गरिन्। तिनीहरूको कुनै आफन्त र मित्रहरू थिएनन्। उनी हिंसात्मक सम्बन्ध परिन् र फेरि आत्महत्याको कुरा सोच्न थालिन्। एक दिन आफ्ना छोराहरूलाई स्कुलमा पुर्‍याएपछि पसलमा गएर बन्दुक किनिन्। उनी नौसेनामा काम गरेको बेलामा बन्दुक कसरी चलाउने भन्ने उनलाई थाहा थियो।

घरमा कुर्सीमा बस्दै बन्दुकमा गोली भरिन्। आफ्नो छातीतिर फर्काएर राखिन्। अनि त्यतिकै समयमा उनले चिन्ने आवाज उनको दिमागमा चर्केको सुनिन्। "तिमी

कस्तो नराम्रो व्यक्ति। तिमी कस्तो नराम्रो आमा।" बन्दुकलाई फेरि समातेर आफ्नो शिरमा राखिन्।

अर्को शान्त आवाजले उनलाई रोकाएर भन्यो, "तिम्रो छोराछोरीहरूको हाल के हुनेछ?"

दोष दिने आवाजले प्रतिवाद गर्दै भन्यो, "तिमी नभए तापनि तिम्रा छोराहरू राम्रै हुनेछ।"

अर्को आवाजले शान्त भएर भन्यो, "तिम्रा छोराहरूलाई तिम्रो आवश्यकता छ।"

अनि आफ्नो मृत्युले छोराहरूको बिचल्ली हुने महसुस गरिन्। उनी आफूदेखि आफै क्रोधिन भइन्। आफ्नो पीडा अन्त्य गर्ने उनको योजना थियो। अब त्यो पीडा उनको निम्ति असह्य भयो, र उनी चिच्याइन्, "यो मलाई असह्य भयो। मलाई धेरै गाह्रो भयो।"

"तिमी आफैले तिम्रो समस्या समाधान गर्न सक्दैनौ। तिमीलाई म सहयोग गर्नेछु," सुमधुर आवाजले भन्यो।

यी शब्दहरू सुनेपछि उनले आफ्नो बन्दुक भुईंमा राखिन र लम्पछार परेर रोइन्। उनी रुनै नसक्ने गरेर रोइरहिन्। अनि उनले आफ्नी विश्वासी सँगी कर्मचारीलाई बोलाइन्। तिनीहरू दुवै जना मरुभूमिमा तारो हाने। त्यो बन्दुक बेच्ने पसलकहाँ गएर फिर्ता गरिन्, तर त्यसलाई प्रयोग गरेकोले उसले फिर्ता लिन मानेन्।

"तपाईंले त्यसलाई फिर्ता लिनैपर्छ किनभने मैले दिएको चेकमा पैसा छैन।" पसलेले नमानी नमानी बन्दुक फिर्ता लियो। पसलेले पुलिसलाई खबर गरेन। केही भएको सो उनले बुझेको डायनाले महसुस गरिन्।